■ बाँकी अन्तिम पृष्ठमा

# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### विराटचौक, मोरङ
### १ नं. प्रदेश, नेपाल

दोस्रो पटक प्रकाशित मितिः २०७७/५/२५

# सुन्दरहरैंचा नगरपालिकाको आन्तरीक आय संकलन हटिया ठेक्का सम्बन्धि सूचना

यस नगरपालिकाको आ.व. २०७७/०७८ का लागि आन्तरीक आय ठेक्का मार्फत बन्दोबस्त गर्नुपर्ने भएकोले नगर क्षेत्रका विभिन्न हटियाहरूको बहाल विटौरी शुल्क असुली गर्ने कार्यका लागि सूचना प्रकाशन गरिएको छ। ईच्छुक फर्म, कम्पनी र व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र नगर कार्यपालिका कार्यालयको राजश्व उपशाखाबाट १०००।- (अक्षरेपी : एकहजार मात्र) को बोलपत्र फारम खरीद गरी सोको भोलिपल्ट दिनको १२ बजे भित्र तल उल्लेखित रकममा नघट्ने गरी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरीएको छ।

| सि.नं. | ठेक्का नम्बर | हाटबजारको नाम | वडा | ठेक्का रकम भ्याट समेत |
|---|---|---|---|---|
| १. | राजश्व १/१०१ | पचाम हटिया | १ | ३७५००.०० |
| २. | राजश्व २/१०१ | मृगौलिया बजार | २ | ७८७५०.०० |
| ३. | राजश्व ५/१०१ | पशुहाट आईतबारे हटिया | ३ | २२५०००.०० |
| ४. | राजश्व ६/१०१ | गछिया बजार विहीबारे हटिया | ७ | ४१२५००.०० |
| ५. | राजश्व ७/१०१ | गोठगाउं बजार मंगलबारे हटिया | ७ | ११२५००.०० |
| ६. | राजश्व ८/१०१ | सलकपुर साप्ताहिक हटिया | ८ | २२५०००.०० |
| ७. | राजश्व ९/१०१ | बुधवारे साप्ताहिक हटिया | ९ | ४८७५००.०० |
| ८. | राजश्व ११/१०१ | खोर्सानि साप्ताहिक हटिया | १२ | १३७५०.०० |

**शर्तहरु**

१. माथि उल्लेखित ठेक्कामा शुल्क असुल गर्दा यस नगरपालिकाले तोकेको भन्दा बढी दरमा असुल गर्न पाईने छैन।

२. शुल्क असुलिको दर कार्यालयबाट बोलपत्र फारम साथ उपलब्ध गराईनेछ।

३. ठेक्का अवधिः सम्झौता भएको मिति देखी २०७८ आषाढ मसान्त सम्म हुनेछ।

४. प्रत्येक ठेक्काको छुट्टा छुट्टै बोलपत्र खरीद गरी प्रतिस्पर्धा गर्न पर्नेछ।

५. बोलपत्रदाताले खामको बाहिर पट्टी कुन ठेक्काको लागि प्रतिस्पर्धा गरेको हो सो ठेक्काको ठेक्का नम्बर, ठेक्काको नाम, ठेकदारको नाम लेखि शिलबन्दी गरी यस नगर कार्यपालिकाको कार्यालयमा तोकिएको समय भित्र बुझाउनु पर्नेछ।

६. शिलबन्दी फारम पेश गर्दा व्यक्ति भए नागरीकता प्रतिलिपी र फर्म वा कम्पनी भए ईजाजत पत्रको प्रतिलिपी, आन्तरीक राजश्व कार्यालयबाट प्राप्त भ्याट वा पान नम्बरको प्रतिलीपी, आ.व. २०७५/०७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी, सुन्दरहरैंचा नगरपालिका क्षेत्रको फर्म भए यस नगरपालिकाबाट जारी गरिएको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरीक भए कबोल अंकको ५ प्रतिशत धरौटी रकम यस नगरपालिकाका कार्यालयको कृषि विकास बैंक शाखा कार्यालय विराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कलै भौचर शिलबन्दी बोलपत्रमा संलग्न गर्नुपर्नेछ।

७. शिलबन्दी बोलपत्र दाखिला गर्ने दिनको १२ बजे भित्र यस नगर कार्यपालिकाको कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ भने दाखिला गर्ने दिन दिनको ठिक २ बजे पश्चात शिलबन्दी बोलपत्र खोलिनेछ। दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन तोकिए बमोजिमको प्रक्रिया अगाडी बढाईनेछ।

८. कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

९. ठेक्का रकम अग्रिम एकमुष्ट बुझाउनु पर्नेछ। अग्रिम रकम नबुझाएमा बैंक ग्यारेन्टी अनिवार्य हुनुपर्नेछ। अग्रिम रकम बुझाएमा बापत कुनै प्रकारको छुट दिने व्यवस्था छैन।

१०. ठेक्का सम्झौता गर्ने व्यक्तिको धरौटी रकम ठेक्का रकममा मिलान गरिने छैन साथै ठेक्का अबधि समाप्त भए पछि धरौटी रकम फिर्ता गर्दा आन्तरीक राजश्व कार्यालयमा कर तिरेको रसिदको प्रतिलिपी संलग्न राखि निवेदन दिनुपर्नेछ। साथै कार्यालयले उपलब्ध गराएका दररेट भन्दा हाट बजार शुल्क असुली गरेको प्रमाणीत भएमा धरौटी रकम कट्टा गरी सम्बन्धितलाई उपलब्ध गराईनेछ भने पटक पटक सोही प्रक्रिया दोहोऱ्याएमा कानुन बमोजिम कारबाही गरी निज व्यक्ति, फर्म वा कम्पनीलाई कालोसूचीमा राखिनेछ।

११. ठेक्का सँग सम्बन्धित रसिद ठेकेदार स्वयंले छपाई कार्यालयबाट प्रमाणीत गरी बहाल विटौरी कर संकलन गर्नुपर्नेछ।

१२. बन्द हड्ताल, भूकम्प, बाढी पहिरो जस्ता प्रकृतिक र मानवीय विपद सिर्जना भई सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, कम्पनी र फर्मले छुट मागेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन।.

१३. एउटा व्यक्तिले खरीद गरेको बोलपत्र अर्को व्यक्तिले खरीद गर्न पाउने छैन।.

१४. कर असुलीको दररेट सरोकारवाला सबैले देख्ने गरी राख्नु पर्ने दायित्व ठेकेदार, कम्पनी, फर्म वा व्यक्तिको हुनेछ।

१५. यो सूचनामा उल्लेखित विषयहरूको हकमा यसै सूचना बमोजिम र बाँकी अन्य कुराहरूको हकमा प्रचलित ऐन, कानुन र सुन्दरहरैंचा नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ।

**सुन्दरहरैंचा विकासको बगैंचा**